जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक ८७ | २०८१ साल कात्तिक १२ गते सोमबार (28 Oct. 2024 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : एआईले के मानिसजस्तै.. ३ पृष्ठमा : 'ट्रम्पले जित्ने आशामा.. ३ पृष्ठमा : फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको.

## तलब माग्दै पालिकाका सबै शिक्षकहरुद्वारा गेट अगाडी धर्ना

## सात हजार ८ सय ७३ विद्यार्थी पठनपाठनबाट बञ्चित

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**
तीन महिनादेखी तलब भत्ता नपाएको भन्दै सप्तरीको हुनमाननगर कंकालिनी नगरपालिकाका सम्पूर्ण विद्यालयका शिक्षकहरु आन्दोलित भएका छन् ।

आइतबार बिहान १० बजेदेखी पालिका कार्यालय अगाडी शिक्षकहरु अनिश्चितकालिन धर्नामा बसेका छन् । जसकारण पालिका भरिका ३० वटा विद्यालयका ७ हजार ८ सय ७३ विद्यार्थीहरु पठनपाठनबाट बञ्चित भएका छन् ।

चाड पर्वको मुखमा समेत काम गरेको तलब पाउन नसक्दा घर व्यवहार चलाउन समस्या भएको भन्दै सो पालिकाका ५ वटा मावि गरि ३० वटा विद्यालयका २ सय २० शिक्षकहरु आन्दोलित भएका हुन् ।




गठित संघर्ष समितिका संयोजक अशोक कुमार यादवले भने, "चालु आ.ब. को साउनदेखी असोज महिनासम्मको तलब भत्ता नपाउँदा भस्पनि नेपालीहरुको महान चाड दसैं जसोतसो ऋण लिएर काट्यौं, तर अब दोश्रो चाड तिहारको मुखमा पनि तलब पाउन नसकिए पुरानो ऋण चुक्ता नगरेको बेला पुनः ऋण दिन पनि कोही नमानेकोले पीडा भएको छ ।" उनले थपे, "आफुहरुको अन्य आमदानी श्रोत छैन्, तलबकै भरमा दिनचर्या निर्वाह गर्नुपर्छ र सोही तलबले चाडपर्व समेत मनाउनु पर्ने बाध्यता रहेको छ ।"

शिक्षा तथा मानवश्रोत विकास केन्द्रले देशभरीमा कार्यरत सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता मासिक रुपमा दिने व्यवस्था मिलाउन ७ सय ५३ वटै पालिकालाई पटक पटक निर्देशन तथा पत्राचार गरे पनि हालसम्म पालिकाहरुले त्यस्तो कुनै व्यवस्था नमिलाएको आन्दोलनरत शिक्षक राजनारायण यादवको गुनासो छ ।

पालिकाले परिषद् नभएको कारण देखाई आफूहरुको तलब भत्ता पाउनबाट बञ्चित गराएको उनको आरोप छ । शिक्षक तथा कर्मचारीहरुले चाडपर्वको बेलामा पनि तलब भत्ता नपाउँदा जिवनयापन धान्ने कार्यमा समेत संकट उत्पन्न भएको उनले गुनासो पोखेका छन् ।

यसअघि संघर्ष समितिले कात्तिक ६ गते पालिका प्रमुख बिरेन्द्र माझीलाई तीन दिनको अल्टिमेटमसहित तलब भत्ता अविलम्ब निकासा गर्ने बारे ज्ञापनपत्र बुझाएका थिए । सो अवधीमा तलब भत्ता निकासा नभए कात्तिक ११ गते आइतबारदेखी सम्पूर्ण विद्यालय बन्द गरि पालिकाको मूल गेट अगाडी धर्नामा बस्ने ज्ञापनपत्रमा उल्लेख छ । सोही अनुसार शिक्षकहरु धर्नामा बसेको आधारभुत विद्यालय भलुवाका प्रअ समेत रहेका संघर्ष समितिका संयोजक यादवले जानकारी दिए ।

सो ज्ञापन जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय एकाई, पत्रकार महासंघ र नेपाल शिक्षक महासंघ सप्तरीलाई बोदार्थ गरिएको थियो ।

यता नगरपालिकाका जनप्रतिनिधिबीचको आपसी बिबादका कारण नगरसभा हुन सकेको छैन् । जसकारण चालु आ.ब. २०८१/८२ को साउनदेखी शिक्षकले मात्र नभई त्यहा कार्यरत कर्मचारीहरुसमेतले तीन महिनादेखी तलब पाउन सकेका छैनन् ।

नगरप्रमुख माझीले केही विषयमा विवाद सृजना भई समयमै नगरसभा सम्पन्न हुन नसकेको लाचारी व्यक्त गरे । उनले नगरपालिकामा प्रतिनिधित्व गर्ने सबै जनप्रतिनिधीलाई विश्वासमा लिएर छिट्टै नगरसभा सम्पन्न गरि सृजित समस्याको समाधान गर्न आफू प्रयासरत रहेको जनाएका छन् ।

माझी जनतम पार्टीबाट निर्वाचित भएका हुन् । तर उपप्रमुखदेखी बहुमत वडाअध्यक्ष र सदस्यहरु अन्य पार्टीबाट निर्वाचित भई आएको र आपसी तालमेल कायम हुन नसक्दा पटक पटक विवाद सृजना हुने गरेको छ ।

## ठेकेदार नै भागेपछी इँटा उद्योगमा काम गर्न ल्याइएका ४४ जना भारतीय मजदुर अलपत्र



**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**
सप्तरीको बिष्णुपुर गाउँपालिका ५ मलेकपुरस्थित सीता इँटा उद्योगमा काम गर्न ल्याइएका ४४ जना भारतीय मजदुर अलपत्र परेका छन । उनीहरु अहिले राजविराज नगरपालिका वडा नं. ३ स्थित कल्टुपोखरी नजिकै निर्माणाधीन वडा कार्यालय भवनमा अलपत्र अवस्थामा छन ।

भारतको उत्तर प्रदेशस्थित सम्भल जिल्लाबाट १५ दिन अगाडी सीता इँटा उद्योगमा काम गर्न ल्याइएको थियो । उनीहरुलाई ल्याएका ठेकेदार नै भागेपछि अलपत्र परेका हुन् ।

भारतको उतर प्रदेश जिल्ला सम्भल थाना हजरनगरगढी बस्ने सोनु सागरले १२ दिन जसो त्यसो मलेकपुरस्थित सीता इँटा उद्योगमा बसेको तर अहिले सम्म ठेकेदार सम्पर्कमा नआएपछी अलपत्रमा परेको जानकारी दिएका छन् ।

उनले भने "भारतबाट नै हामीलाई त्यहीका मो. जाकिर मियाँ नाम गरेको ठेकेदारले इँटा भट्टामा काम गर्न ल्याएको तर उनी नै सम्पर्कबिहीन भएपछि हामीहरु अहिले कहाँ जाने केही थाहा छैन ।"

"इँटा उद्योगमा १२ दिन बस्यो तर मालिकले खाना खान दिन छाडेपछि तीन दिनदेखि राजविराजमा बसेर भौकै छौं ।" अर्का मजदुर बोहरा सिँहले भने, "हामीसँग खाने पैसा छैन, घर कसरी फर्कने भने चिन्ता लागेको छ, कुनै उपाय छ भने सहयोगका लागि सबैसँग आग्रह गर्दछु ।"

अन्य मजदुरहरुसगै इँटा उद्योगमा काम गर्न पाँच जना छोराछोरी र बालबच्चा समेत आएकी बुधियादेवीले भनीन्, "ठेकेदारले नै छाडेर अलपत्र पारेपछि अब कहाँ जाने, बालबच्चा र महिलासहित भोकभोकै बस्न बाध्य छौं ।"

यता जिल्ला प्रहरी कार्यालयले सीता इँटा उद्योगमा कार्यरत मजदुरका ११ बालबालिका, १५ महिलासहित ४४ जना भारतीय मजदुरको उद्धार गरेको छ । प्रहरीबाट उद्धार गरिएर सदरमुकाम राजविराज ल्याइएका उनीहरु इँटा व्यवसायिहरुले खाना खुवाइरहेका छन ।

सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले मजदुरहरुलाई भारत फर्काउने प्रयास तथा फरार ठेकेदारको खोजि कार्य भइरहेको जानकारी दिएका छन् ।

### वायु प्रदुषणका असरहरू

वायु प्रदुषणले
- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छन्,
- यसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुर्‍याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ.

त्यसैले:
- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- वृक्षरोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

वायु प्रदुषणको असरबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सडक निर्माणको कार्य सम्पन्न गराउन ध्यान पुगोस्

विगत पाँच वर्षदेखी निर्माणाधीन अवस्थामा रहेको सदरमुकाम राजविराजस्थित विभिन्न सडकहरुको काम सम्पन्न हुन सकेको छैन् । त्यसतर्फ सरोकारवाला निकायको ध्यान अझ पुग्न सकेको छैन् । नगरको सम्पूर्ण मुख्य सडकहरुको निर्माण काम सम्पन्न भएपनि वडास्थित सडकहरुको निर्माण कम्पनीको लापरवाही तथा स्थानीय पालिकाको हेलचक्राइका कारण ती सडकहरु दुराव्यस्थामा रहेको छ ।

यस्तै जिल्लाको विभिन्न स्थानहरुमा निर्माण भइरहेका सडकहरुको काम अझै सम्पन्न हुन सकेको छैन् । सडकसहित नालाको काम निर्माण सुरु भएको चार वर्ष भन्दा बढी भइसकेको छ । तर, अझै सम्पन्न हुन सकेको छैन् । बाटो खाल्डोखुल्डो तथा नालाहरु खुल्ला रहेकोले दुर्घटना निम्तिन सक्ने सम्भावना बढेको छ । राजविराज नगरपालिकाको विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्यले केही दिनदेखी तिब्रता पाएपनि पुनः सुस्त रहेको छ । जसमध्ये केही सडक निर्माण कार्यले तिब्रता पाएपनि अधिकांश सडकहरुको निर्माण कार्य बीचमै अडकिएको छ । ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ । मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने सडक अहिले धुलोमय बनेको छ । हावाहुरीको यस महिनामा सडकको धुलो घरहरुमा प्रवेश गर्नुका साथै मानिसको स्वास्थ्यमा समेत प्रभाव पारिरहेको छ । यतिमात्र नभएर सवारीसाधन गुडाउन समेत समस्या परेको छ ।

समयमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ । तसर्थ यस्ता सडकहरुको निर्माणप्रति सरोकारवाला निकायले गम्भिरतापूवर्क प्राथमिकतामा राखेर अटेर गर्ने निर्माण कम्पनीलाई कारवाही गर्नेतर्फ अग्रसर हुनु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# एआईले के मानिसजस्तै सोच्न सक्छ ?

**डा परशुराम दाहाल**

काठमाडौं, ११ कात्तिक (रासस) ।

कृत्रिम बुद्धिमत्ता (एआई) भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ । उदाहरणका लागि, फोनमा 'सिरी' वा 'गुगल असिस्टेन्ट' लाई प्रश्न गर्दा तुरुन्तै सही उत्तर दिन्छ, जसले समय बचाउँछ र काम सरल बनाउँछ । एआई प्रणालीहरूले तस्विरहरु ¶ पनि चिन्न सक्छन्, जस्तै गुगल फोटोजले फोटोमा भएका साथीहरूलाई पहिचान गर्न सक्छ । स्वचालित गाडीहरू बिना ड्राइभर आफैं बाटो फेला पारेर सुरक्षित रूपमा चल्न सक्छन् ।

त्यस्तै, नेटफ्लिक्सले हाम्रा हेर्ने बानीअनुसार फिल्म र शोहरू सिफारिस गर्छ, जसले हाम्रो मनोरञ्जन अनुभवलाई अझ रमाइलो बनाउँछ । एआईमार्फत अनलाइन पसलहरूले पनि तपाईंले खोजेका वा मन पराएका सामानहरू सुझाव गर्छन्, जस्तै अमेजनले नयाँ सामान सिफारिस गर्छ । बैंकिङमा एआईले ठगी पत्ता लगाउन मद्दत गर्छ र ग्राहकका प्रश्नहरू तुरुन्तै समाधान गर्न च्याटबोटहरू प्रयोग गरिन्छ । यस्ता सुविधाहरूले हाम्रो जीवनलाई सहज बनाउँछन्, तर यसको सही र सुरक्षित प्रयोगमा ध्यान दिन जरुरी छ ।

एआई र मानिसबीचको तुलना गर्दा दुवैको सिकाइमा केही समानता भए पनि गहिरो भिन्नता छन् । मानिसले आफ्ना अनुभव, भावना, र सामाजिक अन्तरक्रियाबाट ज्ञान आर्जन गर्छ । जबकि एआई जस्ता प्रणालीहरूले गणितीय मोडेल र डाटाको आधारमा सिक्छन् । उदाहरणका लागि, बच्चाले बारम्बार अभ्यास गरेर हिँड्न सिक्छ र त्यो प्रयास उसको अनुभवको हिस्सामा रहन्छ । तर, एआईले उपलब्ध डाटाको विश्लेषण गरेर मात्र त्यसको पहिचान गर्छ र त्यसैको आधारमा उत्तर तयार गर्छ । च्याट जिपिटी जस्ता ठूला भाषा मोडेलहरूले पुस्तक, लेख र वेबसाइटहरूमा आधारित सामग्रीबाट ज्ञान सिक्छन् ।

मानिस र एआई दुवै पृष्ठपोषण (फिडब्याक) र अनुकूलनको माध्यमबाट सिक्दै जान्छन् । विद्यार्थीले शिक्षकबाट पाएको फिडब्याकअनुसार गल्तीहरू सुधार गरेर अर्को परीक्षामा राम्रो गर्ने प्रयास गर्छ । फुटबल खेलाडीले खेलका क्रममा गल्ती गरेपछि कोचको निर्देशनअनुसार आफ्नो खेल सुधार्छ । यस्तै, एआईले पनि प्रयोगकर्ताबाट प्राप्त फिडब्याकको आधारमा आफ्ना जवाफहरू सुधार्छ र नयाँ चुनौतीहरू सामना गर्न अनुकूल हुन्छ । उदाहरणका लागि, च्याट जिपिटीलाई गलत उत्तर दिएर सच्याउँदा, त्यसले फाइन-ट्यूनिङमार्फत आगामी संवादमा ठीक जवाफ दिन प्रयास गर्छ ।

तर, एआई र मानिसबीचको महत्वपूर्ण भिन्नता भनेको भावनात्मक बुझाइको अभाव हो । मानिसहरूले दुःखद् अनुभव र संवेदनशील घटनाबाट शिक्षा लिन्छन् । उदाहरणका लागि, बच्चाले तातो स्टोभ छोएर हात जलाउँछ भने ऊ त्यसबाट सिक्छ र भविष्यमा त्यस्तो गल्ती नगर्न सचेत हुन्छ । बजारमा महँगोमा सामान किनेर घाटा ब्यहोरेपछि व्यक्ति सौदाबाजी (बार्गे ¶ निङ) गर्ने कला सिक्छ र अर्को पटक सस्तोमा किन्न प्रयास गर्छ तर एआईले यस्तो भावनात्मक वा सामाजिक सन्दर्भहरू बुझ्न सक्दैन ।

हालको प्रविधिमा एआई लाई मानिस सरह भावनात्मक बुझाइ दिन निकै जटिल चुनौती हो । मानिसको भावना र बुझाइ अनुभव, जैविक प्रक्रिया, र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जुन अहिलेको एआई मा छैन । यद्यपि, वैज्ञानिकहरू र इन्जिनियरहरू 'आर्टिफिसिएल इमोशनल इन्टिलिजेन्स' मा काम गरिरहेका छन्, जसले एआईलाई भावनाहरू अनुकरण गर्न र सामाजिक सन्दर्भहरू बुझ्न सक्षम बनाउन खोज्दैछ । तर, पूर्ण रूपमा मानिसको जस्तै सचेतना र भावना विकास गर्नु गाह्रो छ, किनकी मानिसको भावना केवल तथ्य र नियमहरूमा आधारित हुँदैन, बरु स्मृति, अनुभव, र समाजसँगको अन्तरक्रियाको परिणाम हो ।

एआईमा कुनै सचेत अनुभव वा आत्मचेतना हुँदैन, किनकी यसको निर्णयहरू पूर्ण रूपमा तथ्य र गणनामा आधारित हुन्छन् । उदाहरणका लागि, जब मानिस दुःखी हुन्छ, उसको व्यवहारमा परिवर्तन आउँछ र त्यो परिवर्तन अनुभव र सन्दर्भसँग गहिरो रूपमा सम्बन्धित हुन्छ । तर, एआईले केवल डाटामा आधारित अनुमान गरेर प्रतिक्रिया दिन्छ, जसमा वास्तविक भावना हुँदैन ।

मानिस सरह भावनात्मक बुझाइ विकास गर्न एआईलाई सचेतना दिनुपर्नेछ, जुन अहिलेसम्म सम्भव छैन । मानिसको भावना केवल व्यक्तिगत अनुभवमा आधारित हुँदैन, बरु स्मृतिहरू र समयक्रममा भएका सामाजिक अन्तरक्रियाहरूले पनि आकार दिन्छ । यसैकारण एआईलाई पूर्ण रूपमा मानिससरह बनाउनु चुनौतीपूर्ण मात्र होइन, सम्भवतः असम्भव पनि हुन सक्छ । अन्ततः एआई र मानिसबीचको यो भिन्नता सदैव रहन सक्छ । यद्यपि, एआई लाई पूरकका रूपमा प्रयोग गरेर मानिसको अनुभवलाई अझ प्रभावकारी बनाउन सकिन्छ । उदाहरणका लागि, एआईले मानसिक स्वास्थ्यसम्बन्धी समर्थन दिन वा मानिसको भावनात्मक अवस्थालाई बुझेर उपयुक्त सहायता दिन प्रयास गर्न सक्छ । तर, स्मृति र संवेदनाहरूको वास्तविक अनुभव बिना एआई कहिल्यै पनि मानिससरह पूर्ण रूपमा सोच्न र महसुस गर्न सक्षम हुने छैन ।

एआईको निर्णय प्रक्रियामा पनि सीमाहरू छन् । मानिसले निर्णय गर्दा वर्तमान सन्दर्भ, भावनात्मक अवस्था, र विगतको अनुभवलाई ध्यानमा राख्छ । उदाहरणका लागि, चालकले घुमाउरो सडक देखेपछि गाडीको गति घटाउँछ र सावधानी अपनाउँछ । यस्तै, विद्यार्थीले पछिल्लो परीक्षामा फेल भएपछि आफ्नो अध्ययन पद्धति परिवर्तन गरेर अर्को पटक राम्रो नतिजा ल्याउन प्रयास गर्छ । तर, एआई मोडेलहरूले डाटाको विश्लेषण र गणनामा मात्र भर पर्छन् र संवेदनशील सन्दर्भलाई विचार गर्दैनन् ।

यद्यपि, एआई र मानवको सहकार्यले धेरै क्षेत्रहरूमा विशाल लाभ पुर्‍याउन सक्छ । उदाहरणका लागि, अस्पतालमा एआईले बिरामीको रिपोर्टहरूको विश्लेषण गरेर चिकित्सकलाई सही निर्णय लिन सहयोग पुर्‍याउँछ । शिक्षा क्षेत्रमा, व्यक्तिगत ट्युटरका रूपमा प्रयोग गर्दा एआईले विद्यार्थीहरूको अध्ययन पद्धति र कमजोर पक्षहरूलाई विश्लेषण गरी उनीहरूका लागि व्यक्तिगत अध्ययन योजना बनाउन मद्दत गर्न सक्छ। व्यवसायमा पनि, एआईले पछिल्लो बजार ट्रेन्डहरू विश्लेषण गरेर कम्पनीहरूलाई रणनीतिक निर्णयहरू लिन सघाउँछ ।

तर, एआईलाई मानवको प्रतिस्थापन नगरी पूरकका रूपमा प्रयोग गर्नुपर्छ । उदाहरणका लागि, चिकित्सकको काम एआई ले पूरै प्रतिस्थापन गर्न सक्दैन, तर डाटाको विश्लेषण गरेर सही उपचार योजना तयार गर्न मद्दत गर्छ । यसरी, एआईले मानिसको क्षमता बढाउन भूमिका खेल्छ, न कि उसलाई विस्थापित गर्न ।

निष्कर्षमा, एआई र मानवको सिकाइमा समानता भए पनि, तिनका आधार र प्रक्रिया एकदमै फरक छन् । मानिसको सिकाइ अनुभव, भावना र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जबकि एआईले केवल तथ्य र गणितीय मोडेलहरू प्रयोग गरेर सिक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ । अन्ततः, यस सहकार्यले सम्भावनाहरूको नयाँ ढोका खोल्दै समाजलाई दिगो प्रगतितर्फ अगाडि बढाउनेछ । *(लेखक हाल अमेरिकामा एआई विशेषज्ञका रूपमा कार्यरत हुनुहुन्छ)*

# जीवनलाई सहज र सरल बनाउन एआईको उपयोग गर्नुपर्छ : प्रधानमन्त्री ओली

काठमाडौं, ११ कात्तिक (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले विज्ञान र प्रविधिको उपयोग जीवनलाई सहज र सरल बनाउने काममा गराउन सरकार लागिपर्ने बताउनुभएको छ ।

युवासङ्घ नेपालले आइतबार आयोजना गरेको 'आर्टिफिसियल इन्टेलिजेन्स् (एआइ)सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन' मा विज्ञसँगको संवादमा सहजकर्ताका रुपमा भूमिका निर्वाह गर्दै प्रधानमन्त्री ओलीले विकास, प्रगति र सहज जीवनका लागि यसको उपयोग गर्नुपर्नेमा जोड दिनुभएको हो ।

"विकासको तिर्खाबाट हामी ग्रस्त छौं । त्यसका लागि डिजिटल नेपालको अवधारणा ल्यायौं । हामीले आर्टिफिसियल इन्टेलिजेन्स्को सकारात्मक उपयोग गर्नुपर्छ । यसको दुरुपयोगबाट हुन सक्ने दुष्प्रभाव रोक्न सचेतना र कानुनी प्रबन्धमा पनि जानुपर्छ ।" प्रधानमन्त्री ओलीले भन्नुभयो, "एसईईमा धेरै विद्यार्थी अनुत्तीर्ण हुने क्रमबाट सुधार ल्याउनुछ । यस्ता क्षेत्रमा एआईको उपयोग कसरी गर्न सकिन्छ र नेपाललाई एआई एजुकेसनको केन्द्र कसरी बनाउने भन्नेमा हाम्रो ध्यान रहेको छ ।" उहाँले आर्टिर्फिसियल इन्टेलिजेन्स्सम्बन्धी नीति र योजना ल्याउने जानकारी पनि दिनुभयो ।

# प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै

काठमाडौं, ११ कात्तिक (रासस) ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै गएको बताउनुभएको छ ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले आइतबार यहाँ आयोजना गरेको 'फौजदारी न्याय प्रणालीमा देखिएका चुनौती र सुधारका उपाए' विषयक कार्यशालामा प्रधानन्यायाधीश रावतले अपराध अनुसन्धानमा व्यावसायिक क्षमता विकास गर्नसके फौजदारी न्याय प्रणाली थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले प्रभावकारी फौजदारी न्याय प्रणालीको विकास गर्न अपराध अनुसन्धानमा नवीनताको विकास गर्न जरुरी रहेको पनि औंल्याउनुभयो ।

न्याय प्रणालीलाई थप प्रभावकारी र छिटोछरितो बनाउन सरोकार राख्ने निकायबीचको समन्वय

बाँकी तीन पृष्ठमा

# ‘ट्रम्पले जित्ने आशामा नेतन्याहू’




जेरुसेलम, ११ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति को चुनाव नजिकिँदै गर्दा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्कने आशा गर्नुभएको उहाँका अभिव्यक्तिले पुष्टि गरेका छन्।

नेतन्याहूका लागि ट्रम्पको अन्तिम कार्यकाल सहज थियो र नोभेम्बर ५ का लागि तय भएको मतदानको पूर्वसन्ध्यामा पूर्व राष्ट्रपतिले आफ्नो मध्यपूर्व नीतिबारे मिश्रित सन्देश पठाउनुभएको छ।

उहाँले नेतन्याहूलाई इरानको आणविक केन्द्रहरूमा बमबारी गर्न प्रोत्साहित गर्नेदेखि अमेरिकी वर्तमान् राष्ट्रपति जो बाइडेनको आलोचना गर्दै भन्नुभयो, “यदि म राष्ट्रपति भएको भए अक्टोबर ७ को आक्रमण कहिल्यै हुने थिएन।” उहाँले इजरायललाई युद्ध अन्त्य गर्न दबाब दिने पनि सन्देशमा उल्लेख छ।

यद्यपि ट्रम्पको ‘अमेरिकालाई फेरि महान् बनाऊ’ भन्ने चुनावी नारा र इजरायलबारेका यी अस्पष्ट अभिव्यक्ति र नीतिहरूले नै नेतन्याहूले ट्रम्पसँग आशा गरेको विश्लेषकहरू बताउँछन्। रिपब्लिकन राष्ट्रपतिका रूपमा ट्रम्पले नेतन्याहूलाई गाजा र लेबनानमा जारी द्वन्द्वको सामना गर्न थप स्वतन्त्रता दिने सम्भावना रहनेछ।

“नेतन्याहूको एउटा कोसेढुङ्गा अमेरिकी निर्वाचन हो। उहाँले ट्रम्पको विजयका लागि प्रार्थना गरिरहनुभएको छ। यसले उहाँलाई धेरै स्वतन्त्रता प्रदान गर्नेछ वा आफूले चाहेको काम गर्न दिनेछ,” जेरुसेलमको हिब्रु विश्वविद्यालयका राजनीति शास्त्रका प्राध्यापक गिडोन राहतले एएफपीसँग बताउनुभयो।

नेतन्याहूका पूर्व चिफ अफ स्टाफ तथा राजनीतिक टिप्पणीकार अभिभ बुशिन्स्कीले भन्नुभयो, “अमेरिकी रिपब्लिकन नेता ट्रम्पसँग डेमोक्र्याट नेताहरूको तुलनामा नेतन्याहूको अनुभव निकै राम्रो छ। डेमोक्र्याटहरू नेतन्याहूमाथि धेरै कठोर छन्।”

**घनिष्ठ व्यक्तिगत सम्बन्ध**

प्रधानमन्त्रीका रुपमा १७ वर्षको कार्यकालमा नेतन्याहूले रिपब्लिकन पार्टीका नेता ट्रम्पसँग मात्र सहकार्य गर्नुभएको छ अर्थात् यो अवधिमा अमेरिकामा अन्य राष्ट्रपति सबै डेमोक्र्याटिक पार्टीबाट निर्वाचित भएका थिए।

आफ्नो कार्यकालको दौडान ट्रम्पले नेतन्याहूको घरेलु प्रतिष्ठालाई बढावा दिने धेरै कदमहरू चाल्नुभएको थियो भने इजरायल, प्यालेस्टाइनसँगको द्वन्द्व र व्यापक क्षेत्रबारे लामो समयदेखिका अमेरिकी नीतिहरूलाई रद्द गर्नुभएको थियो।

राष्ट्रपतिका रूपमा रिपब्लिकन नेता ट्रम्पले अमेरिकी दूतावासलाई जेरुसेलममा स्थानान्तरण गर्नुभएको थियो। यसलाई इजरायलले आफ्नो अविभाजित राजधानीको रूपमा दावी गर्दछ। अमेरिकाले कब्जा गरिएको गोलान हाइट्समा इजरायली सार्वभौमिकतालाई मान्यता दिएको थियो र तीन वटा अरब राज्य र इजरायलबीचको सम्बन्ध सामान्यीकरण गर्ने वातावरण सिर्जना गरेको थियो।

ट्रम्पले इजरायलको कट्टर शत्रु इरानसँगको ऐतिहासिक आणविक सम्झौताबाट पछि हट्नुभएको थियो र पुनः इस्लामिक गणतन्त्र इरानमाथि कडा आर्थिक प्रतिबन्धहरू लागू गर्नुभएको थियो।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलका लागि आफ्नो ‘चट्टानी समर्थन’ मा जोड दिनुभए पनि लामो समयदेखि नेतन्याहूसँगको सम्बन्ध चिसो रहँदै आएको देखिन्छ। बाइडनले नेतन्याहूलाई इरानको तेल उत्पादन र आणविक केन्द्रहरूमा आक्रमण नगर्न चेतावनी दिनुभएको थियो भने ट्रम्पको धारणा यसको विपरीत रहेको थियो।

ट्रम्प र नेतन्याहूबीच घनिष्ठ व्यक्तिगत सम्बन्ध पनि छ। अमेरिकी पूर्व राष्ट्रपतिले यसै हप्ता इजरायली प्रधानमन्त्रीसँग बारम्बार फोन वार्ता भएको दाबी गर्नुभएको छ। जर्जियामा आयोजित एक र्यालीलाई हालै सम्बोधन गर्दै ट्रम्पले भन्नुभएको थियो, “हामीबीच निकै राम्रो सम्बन्ध छ। “हामी उनीहरूसँग धेरै नजिकबाट काम गर्न जादैछौं।

बुशिन्स्कीले भन्नुभयो, “यी सकारात्मक कुराहरू कुनै पनि चिन्ताभन्दा बढी हुनेछन्। मलाई लाग्छ, नेतन्याहू ट्रम्पको निर्वाचनको अनिश्चितताको जोखिम मोल्न तयार हुनुहुनेछ।”

**इजरायलमा लोकप्रिय**

ट्रम्प नेतन्याहूसँग मात्र होइन, इजरायली जनतामाझ पनि लोकप्रिय हुनुहुन्छ।इजरायल इन्स्टिच्युट फर रिजनल फरेन पोलिसीज मिटभिमले सेप्टेम्बरमा गरेको जनमत सर्वेक्षणमा ६८ प्रतिशत इजरायलीले ट्रम्पलाई इजरायलको हितमा काम गर्ने उम्मेदवारका रुपमा हेरेका छन्।

उपराष्ट्रपति कमला ह्यारिसले इजरायललाई समर्थन गर्ने र इजरायलको रक्षा गर्ने अधिकारबारे बारम्बार घोषणा गरे पनि १४ प्रतिशतले मात्र उहाँलाई रोजेका थिए।

संयुक्त राज्य अमेरिकाका लागि पूर्व इजरायली कूटनीतिज्ञ तथा मिटविमको निर्देशक समितिका सदस्य नादाव तामिरले भन्नुभयो, “इजरायलमा, संयुक्त राज्य अमेरिका बाहिर अन्य कुनै पनि उदार लोकतन्त्रभन्दा ट्रम्प ह्यारिसभन्दा बढी लोकप्रिय हुनुहुन्छ।”

यद्यपि, तामिरले नयाँ ट्रम्प प्रशासन आश्चर्यजनक हुन सक्ने बताउनुभयो। उहाँले भन्नुभयो, “पूर्व राष्ट्रपति ट्रम्प अलगाववादी हुनुहुन्छ र अमेरिकालाई स्वतन्त्र विश्व वा अन्तर्राष्ट्रिय गठबन्धनको नेता बनाउन चाहनुहुन्न। उहाँले आफूलाई यस सम्बन्धमा समान विचार भएका रिपब्लिकनको भीड र विचारलाई पार्टीमा बढी स्थान दिएको पाइन्छ।”

**‘अविश्वास’**

प्यालेस्टिनी राजनीतिशास्त्री तथा सर्वेक्षणकर्ता खलिल शिकाकीका अनुसार प्यालेस्टिनीहरूमा कुनै पनि उम्मेदवारका लागि खासै उत्साह छैन। प्यालेस्टाइनीहरूले दुवै उम्मेदवारलाई अविश्वास गर्छन् र उनीहरूबीच खासै भिन्नता देख्दैनन्,” शिकाकीले भन्नुभयो।

हमासका एक अधिकारी ताहेर अल-नुनुले एएफपीसँग कुरा गर्दै अमेरिकी प्रशासनले इजरायलको पक्षमा प्यलेष्टिनीविरूद्ध पक्षपातपूर्ण व्यवहार गर्दै आएको बताउनुभयो। विस्थापित भई सडकमा जीवन बिताइरहेका प्यालेस्टिनीहरूले जसले जिते पनि आफ्नो इलाकामा जीवन सुधार नहुने बताएका छन्।

“अमेरिकी चुनावले हाम्रो राजनीतिक वास्तविकतामा सकारात्मक प्रभाव पार्छ भन्ने मलाई विश्वास छैन,” पश्चिम किनारास्थित बिरजित युनिभर्सिटीकी २१ वर्षीया छात्रा लीन बासेमले भन्नुभयो।

साउण्ड इन्जिनियर ४२ वर्षीय हसन अनवरले पनि इजरायलको समर्थनमा अमेरिकी नीति पूर्णरुपमा स्पष्ट भएको र उनीहरूले प्यालेष्टिनीलाई हेर्ने आँखामा कुनै भिन्नता छ भन्ने आफूलाई विश्वास नभएको बताउनुभयो।

---

## प्रविधिको विकाससँगै ...

बढाउनुपर्ने आवश्यकता औंल्याउँदै प्रधानन्यायाधीश राउतले वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणका आधारमा अनुसन्धान गर्न जरुरी रहेको बताउनुभयो।

संविधान र कानुनको सिद्धान्तका आधारमा न्यायलाई नतिजामुखी बनाउन सफल अनुसन्धानले सहयोग गर्ने उल्लेख गर्दै उहाँले यहाँ आइतबार आयोजित कार्यशालाले न्यायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

महान्यायाधिवक्ता रमेश बडालले कतिपय अपराध अनुसन्धाका फाइल हेर्दा अनुसन्धान अपुरै रहेको देखिने गरेको भन्दै यसतर्फ अनुसन्धान अधिकृतहरुको ध्यानाकर्षण गराउनुभयो। उहाँले कुनै पनि अपराधको अनुसन्धानमा बयानले मात्रै नपुग्नेमा जोड दिँदै उहाँले वस्तुनिष्ठ तथ्य, फिङ्गर प्रिन्ट वा त्यस्तै प्रमाण जरुरी हुने बताउनुभयो।

लागुऔषधका आरोपीमाथिको अनुसन्धानको उदाहरण दिँदै उहाँले त्यस्ता व्यक्तिको अनुसन्धानका लागि शरीरमा लागुऔषधको तत्व देखिएको प्रमाण आवश्यक हुनेतर्फ अनुसन्धान अधिकारीको ध्यानाकर्षण गराउनुभयो।

गृहसचिव गोकर्णमणि दुवाडीले आइतबारको कार्यशालाले फौजदारी न्यायप्रणाली सुधारका विषयमा महत्वपूर्ण निष्कर्ष निकाल्ने विश्वास गरिएको बताउनुभयो।उहाँले राज्यका निकायप्रति नागरिकको विश्वास जगाउनु चुनौती खडा हुँदै गएको बताउँदै प्रविधिको विकाससँगै अपराधमा पनि नयाँ शैलीको प्रयोग हुन थालेको अनुसन्धानलाई थप प्रभावकारी बनाउन जरुरी रहेको उल्लेख गर्नुभयो।

प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले कसुरको वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणले स्वच्छ र निष्पक्ष न्याय प्रधान गर्ने बताउँदै सफल अनुसन्धानले नेपाल प्रहरीको शाख र गरिमा बढाउने उल्लेख गर्नुभयो। उहाँले प्रमाणमुखी अनुसन्धानलाई प्रहरीले जोड दिएको पनि बताउनुभयो।

अझै पनि परम्परागत अपराधको बाहुल्यता रहेको जानकारी गराउँदै प्रहरी महानिरीक्षक कुँवरले परम्परागत अपराध अनुसन्धानका साथै आधुनिक अनुसन्धान प्रणालीलाई पनि सँगसँगै लगिएको बताउनुभयो। उहाँले आइतबारको कार्यशालाले फौजदारी न्याय प्रणालीको सुधारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

---

# विश्व समाचार

## फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको संख्या एक सय भन्दा बढी

मनिला, ११ कात्तिक (रासस/एएफपी)।

फिलिपिन्समा उष्णकटिबन्धीय आँधी ‘ट्रामी’का कारण मृत्यु हुनेको सङ्ख्या १०० भन्दा बढी पुगेको उद्धारकर्मीले आइतवार बताएका छन्। आँधीपछि आत्तिएर एउटा तालमा हाम फालेका दर्जनौं मानिस अझै हराइरहेका छन् भने उनीहरूको खोजी भइरहेको छ। गत अक्टोबर २४ मा फिलिपिन्समा आएको ‘ट्रामी’ यस वर्षको सबैभन्दा घातक आँधीमध्ये एक थियो।

राष्ट्रिय विपद् निकायका अनुसार भूकम्पका कारण पाँच लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् भने कम्तीमा ३६ जना हराइरहेका छन्। सबैभन्दा बढी प्रभावित बिकोल क्षेत्रमा प्रहरीले ३८ जनाको डुबेर मृत्यु भएको जनाएको छ। बिकोलका क्षेत्रीय प्रहरी निर्देशक आन्द्रे डिजोनले एएफपीसँग भन्नुभयो, “हामीलाई अझै पनि धेरै फोन आइरहेका छन् र हामी सकेसम्म धेरै मानिसहरूलाई बचाउने प्रयास गरिरहेका छौं।”

“आशा छ, त्यहाँ थप मृत्यु हुनेछैन,” उहाँले भन्नुभयो। डिजोनले यस क्षेत्रको क्यामारिन सुर प्रान्तका ‘धेरै बासिन्दाहरू’ अझै पनि आफ्नो घरको छत र माथिल्लो तलामा फसेको बताउनुभयो। मनिलाको दक्षिणमा पर्ने बाटाङ्गासमा मृत्यु हुनेको सङ्ख्या ५५ पुगेको प्रान्तीय प्रहरी प्रमुख ज्याकिन्टो मालिनाओले एएफपीलाई जानकारी दिनुभयो। क्याभिट प्रान्तमा डुबेर दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।एएफपीको आधिकारिक प्रहरी र विपद् निकाय स्रोतका अनुसार अन्य प्रान्तमा थप पाँच जनाको शव फेला परेपछि मृतकको सङ्ख्या १०० पुगेको छ।

नागरिक सुरक्षा कार्यालयका एडगर पोसाडासले एएफपीसँग भन्नुभयो, “आगामी दिनमा अझै धेरै मानिसको मृत्यु भएको जानकारी आउने सम्भावना छ किनभने उद्धारकर्ताहरू पहिलेभन्दा फरक स्थानमा उद्धारका लागि पुगेका छन्। प्रहरी, तटरक्षक र मरिन डाइभिङ टोलीले आइतबार पनि बाटाङ्गासको तालमा हामफालेका भनिएका सात परिवारको खोजी गरिरहेका छन्। प्रान्तीय प्रहरी प्रमुख मालिनाओले भन्नुभयो, “पहाडको पानीले बालेटे शहरमा रहेको उनीहरूको घरमा पहिरो र बाढी ल्याएपछि उनीहरूको घर भत्किने डरमा आत्तिएर तालमा हाम फालेका थिए।

बटाङ्गासमा अधिकांश को मृत्यु वर्षाका कारण आएको पहिरोका कारण भएको बताइएको छ। माटो, ढुङ्गा र ढलेका रूखको थुप्रोबाट २० जनाभन्दा बढीको शव निकालिएको छ भने कम्तीमा २० जना अझै हराइरहेको प्रहरीले जनाएको छ। मालिनाओले भन्नुभयो, “सबै शव नभेटिएसम्म हामी खोजी जारी राख्नेछौं।”उत्तरी फिलिपिन्सको विभिन्न भागमा आएको बाढीका कारण करिब पाँच लाख ६० हजार मानिस विस्थापित भएको राष्ट्रिय विपद् निकायले आइतवार जनाएको छ।

प्रत्येक वर्ष करिब २० वटा ठूला आँधीबेहरीले फिलिपिन्स र यसको वरपरका घर र पूर्वाधारमा क्षति पुऱ्याउने गरेको छभने दर्जनौं मानिसको ज्यान लिने गरेको छ। एशिया-प्रशान्त क्षेत्रका आँधीबेहरीहरू समुद्र तटको नजिक बढ्दै गएको र जलवायु परिवर्तनका कारण जमिनमा अझ तीव्र र लामो समयसम्म टिक्ने आँधी आउने हाले गरिएको एक अध्ययनले देखाएको छ।

## इजरायली आक्रमणलाई अतिरञ्जित र न्यूनीकरण गर्न नहुने इरानको भनाइ

तेहरान, ११ कात्तिक (रासस/एएफपी)।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले इरानमाथि इजरायलले गरेको आक्रमणलाई अतिरञ्जित गर्न वा कम आँक्न नहुने बताउनुभएको छ। “दुई दिन पहिले इजरायलले गरेको दुष्टतालाई अतिरञ्जित वा कम गर्नु हुँदैन,” उहाँले एक्समा एक पोस्टमा भन्नुभएको छ। उहाँले थप्नुभयो, इजरायलद्वारा गरिएको ‘घातक आक्रमण’ लाई ‘गलत अनुमान’ को रूपमा वर्णन गरिएको छ।

तेहरानले इरान समर्थित लडाकू नेताहरू र रिभोल्युसनरी गार्डका कमान्डरको हत्याको बदलामा अक्टोबर १ मा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफमा इजरायलले शनिबार इरानमा रहेका सैन्य स्थलहरूमा हवाई आक्रमण गरेको थियो। उक्त आक्रमणमा परी कम्तीमा चार इरानी सैनिकको मृत्यु भएको र यसले केही राडार प्रणालीमा ‘सीमित क्षति’ पुऱ्याएको इरानले जनाएको छ।

इजरायली सेनाले तेहरानलाई जवाफी आक्रमण गरेमा यसको परिणाम राम्रो नहुने चेतावनी दिएको छ। त्यसपछि इरानी अधिकारी र सञ्चारमाध्यमले इजरायली आक्रमणलाई कम महत्व दिँदै इरानको रक्षात्मक क्षमतालाई उजागर गरेका छन् तर प्रत्यक्ष प्रतिक्रियाको कुनै प्रतिज्ञा गरेका छैनन्। खामेनीले आफ्नो पोस्टमा इजरायलले इरान र इरानी युवाको शक्ति, इच्छाशक्ति र पहललाई बुझ्नुपर्ने बताउनुभएको छ।

## ‘गाजाका बन्धकलाई मुक्त गर्न ‘पीडादायी छुट’ आवश्यक’

जेरुसेलम, ११ कात्तिक (रासस/एएफपी)।

गाजामा बन्धक बनाइएका हरूको रिहाईका लागि ‘पीडादायी छुट’ आवश्यक रहेको इजरायलले बताएको छ। सैन्य अभियानले मात्र देशको युद्धको लक्ष्य हासिल गर्न नसक्ने इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टले बन्धकको रिहाईका लागि ‘पीडादायी छुट’ आवश्यक रहेको बताउनुभएको हो।

गत वर्ष अक्टोबर ७ मा हमास आक्रमणको एक वर्ष भएको सन्दर्भमा आयोजित एक कार्यक्रममा उहाँले भन्नुभयो, “सबै उद्देश्य सैन्य अभियानबाट मात्र प्राप्त गर्न सकिँदैन। हाम्रा बन्धकहरूलाई घर फर्काउने हाम्रो नैतिक कर्तव्यलाई महसुस गर्न, हामीले पीडादायी छुटहरू दिनुपर्नेछ।”

# सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क हुने

काठमाडौँ, ११ कात्तिक (रासस) ।

सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको उपचार निःशुल्क हुने भएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आइतबार मन्त्रीस्तरीय निर्णय गरेअनुसार कान्ति बाल अस्पताल काठमाडौँ, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा निःशुल्क उपचार हुने भएको हो ।

आगामी मंसिर १ गतेबाट निर्णय लागु हुने गरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्री पौडेलले पदबहाली गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क बनाउन पहल थाल्नुभएको थियो ।

सरकारले हरेक व्यक्तिलाई उपचारका लागि दिने रकममा अपुग भए मन्त्रालयको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिने प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

नेपालमा हुने कुल मृत्युमध्ये ७१ प्रतिशत मृत्यु नसर्ने रोगका कारण हुने गरेको छ । त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको मन्त्रालयअर्न्तगतको इपिडिमियालोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ ।

यहाँ सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएको पाइएको छ । नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको महाशाखाले जनाएको छ ।

# जलवायुको असरबारे ध्यानाकर्षण गर्न कालापत्थरमा पत्रकार सम्मेलन




लुक्ला, ११ कात्तिक (रासस) ।

'दिगो पर्यटनका लागि हिमाल बचाऔँ' नाराका साथ पहिलो संस्करणको 'एभरेष्ट टुरिजम अवार्ड, २०२४' आयोजना हुने भएको छ ।

आइतबार सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको कालापत्थर (५,६५३ मिटर उचाइ)मा आयोजित पत्रकार सम्मेलनमा आयोजक एएमएस म्युजिक एण्ड इन्टरटेन्मेन्ट प्रालिका अध्यक्ष सत्यकला तामाङ लामाले अवार्ड कार्यक्रम आगामी डिसेम्बरमा काठमाडौँमा हुने जानकारी दिनुभयो ।

मुलुकको पर्यटन क्षेत्रको विकास, प्रचारप्रसार तथा प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउनुहुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न व्यक्ति तथा संस्थालाई मूल्याङ्कनका आधारमा सम्मान तथा अवार्ड वितरण गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार कूल ४० देखि ५० वटा विधामा अवार्ड प्रदान गरिनेछ ।

अवार्ड कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरुको प्रस्तुतिसमेत रहने अध्यक्ष लामाले जानकारी दिनुभयो । उहाँका अनुसार अवार्ड वितरण गर्न सम्बन्धित विषयविज्ञ सम्मिलित एक मूल्याङ्कन एवं छनोट समिति गठन भइसकेको छ ।

उहाँले पछिल्ला केही वर्षयता जलवायु परिवर्तनको प्रभाव हिमाली क्षेत्रमा परिरहेकाले यसले पर्यटन क्षेत्रमा पनि असर गरिरहेकाले बताउँदै यस विषयमा विश्व समूदायको ध्यानाकर्षण गराउन कालापत्थरमा पत्रकार सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो ।

"पाँच हजार छ सय ५३ मिटरको उचाइमा आयोजित यो सम्भवतः पहिलो पत्रकार सम्मेलन हो, यहाँबाट हामीले विश्वलाई जलवायु परिवर्तनको अवस्थाबारे बुझाउने अपेक्षा गरेका छौँ", अध्यक्ष लामाले भन्नुभयो ।

कम्पनीका प्रबन्ध निर्देशक फुर्बा ग्याल्बो मोक्तान (थुप्तेन)ले जलवायु परिवर्तनले सबैभन्दा बढी हिमाली क्षेत्र प्रभावित भएको उल्लेख गर्दै हिमाल बचाउनका लागि ढिला गर्न नहुनेमा जोड दिनुभयो ।

"जलवायु परिवर्तनबाट विशेष गरी मुलुकको पर्यटन क्षेत्रमा ठूलो असर परिरहेको छ, हिमालबाट हिउँ हराउन थालेको छ, सेता हिमाल काला पहाडमा परिणत हुन थालेका छन् । यो क्षेत्रलाई बचाउन सकिएन भने पर्यटन क्षेत्रलाई बचाउन सकिँदैन, आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत यो सन्देश हामी विश्व समुदायलाई दिन चाहन्छौँ", उहाँले भन्नुभयो ।

प्रबन्ध निर्देशक मोक्तानले जलवायु परिवर्तनको असरका कारण सदियौँदेखि जमेका हिमतालहरु फुट्ने क्रम सुरु भएको, अधिक र न्यून वर्षा हुन थालेको, बाढीपहिरो जस्ता प्राकृतिक विपद् बढ्ने क्रममा रहेको उल्लेख गर्नुभयो ।

लुक्लाका पर्यटन व्यवसायी, समाजसेवी तथा स्टार युथ क्लबको केन्द्रीय अध्यक्ष एवं समाजसेवी नाम्गेल शेर्पाले जलवायु परिवर्तनबाट यो क्षेत्र सबैभन्दा बढी प्रभावित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गत वर्षको कात्तिकमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यही क्षेत्रमा आएर जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाउनुभएको थियो । यस वर्ष हामी खुम्बुवासीले यसबारे आवाज उठाएका छौँ ।"

पत्रकार सम्मेलनमा उपस्थित आरोही मिङ्मा तेन्जी शेर्पाले आफू १७ वर्षदेखि हिमालमा काम गरिरहेको बताउँदै जलवायु परिवर्तनले हिमाली क्षेत्रमा असर देखिन थालेको उल्लेख गर्नुभयो ।

"मैले सन् २००७ मा काम सुरु गर्दा र अहिलेको अवस्थामा धेरै फरक देख्न सकिन्छ । जलवायु परिवर्तनका कारण मौसम अस्थिर भएको छ । केही समयअघि खुम्बु क्षेत्रको थामेमा ठूलो विपद् आयो, पहिले हिउँमा आरोहण गर्ने गरेकामा अहिले ढुङ्गा र माटोमाथि आरोहण गर्नुपरेको छ । तसर्थ हिमाल जोगाउन र जलवायु परिवर्तनका असर न्यूनीकरणमा हातोमालो गर्न विश्व समुदायको ध्यानाकर्षण हुन जरुरी छ", उहाँले भन्नुभयो ।

वरिष्ठ पर्यटन व्यवसायी मिङ्मा दोर्जी शेर्पा र पर्यटन व्यवसायी एवं आरोही मिङ्मा शेर्पासँगको सहकार्यमा एएमएस म्युजिक एण्ड इन्टरटेन्मेन्टले अवार्ड आयोजना गर्न लागिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो । कम्पनीले हालसम्म स्वदेश तथा विदेशमा विभिन्न कार्यक्रम गर्दै आएको जनाएको छ । हालसम्म कम्पनीले जापान, मालदिभ्स, दुबईमा कार्यक्रम गरिसकेको छ ।

# जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षड्यन्त्र हुँदैछ : नेता निधि



जनकपुर, ११ कात्तिक (रासस) ।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान मधेस प्रदेश सरकारको मधेस-प्रदेश भवनले परिचित जनकपुर चुरोट कारखाना निजीकरण गर्ने षड्यन्त्र भइरहेको आरोप लगाउनुभएको छ ।

आइतबार बिहान जनकपुरधाम विमानस्थलमा राससकर्मीसँग कुरा गर्दै उहाँले सो आरोप लगाउनुभएको हो । उहाँले भन्नुभयो, "म गृहमन्त्री हुँदा सरकारसँग निर्णय गराएर प्रदेश मातहत ल्याउनुपर्ने गरी प्रक्रिया अगाडि बढाएको थिएँ र सो क्रममा जिल्ला प्रशासन कार्यालय धनुषाको मातहत चुरोट कारखानालाई ल्याइएको छ ।"

सरकारले पुनःजनकपुर चुरोट कारखानालाई निजीकरण गरिरहेको कुरा आफूले दुई तीन दिनदेखि सुन्दै आएको जानकारी दिँदै उहाँले भन्नुभयो, "यो आपत्तिजनक कार्य मात्र होइन यो सङ्घीय विरोधी कदम पनि हो ।"

सङ्घीय उद्योगमन्त्रीसँग आफूले यसबारे छलफल गरेको चर्चा गर्दै नेता निधिले भन्नुभयो, "उद्योगमन्त्रीले आफूलाई कारखाना निजीकरण होइन लाइसेन्स नवीकरण गर्नमात्र लागिएको बताउनुभएको छ ।"

जनकपुर चुरोट कारखानालाई आफू गृहमन्त्री भएकै बेला निर्णय गराएर मधेस प्रदेशको मातहत ल्याइसकेको बताउँदै नेता निधिले यदि सरकारले यस्तो निर्णय गरेमा विरोध गर्ने चेतावनी दिनुभयो । उहाँले मधेस प्रदेश भवन नै नरहने गरी षड्यन्त्रको गन्ध आफूले पाएकाले यसका लागि सबै सतर्क रहन आग्रहसमेत गर्नुभयो ।

"जनकपुर चुरोट कारखानाको जति पनि सम्पत्ति छ त्यो मधेस प्रदेश सरकारको हो यसमा कुनै दुई मत नरहेकाले निजीकरण अथवा कुनै प्रकारको षडयन्त्र भए यसलाई सङ्घीयता विरोधी कदम भन्दै हामी आन्दोलनमा उत्रिनेछौँ", उहाँले प्रष्ट पार्नुभयो ।

# अज्ञात समूहद्वारा यादवको हत्या

**दैनिक समाचारदाता**
**बारा, १० कात्तिक ।**

अज्ञात समूहले बारामा धारिलो हतियार प्रयोग गरी एक जनाको हत्या गरेको छ ।

महागढीमाई नगरपालिका १ मा धारिलो हतियार प्रयोग गरी स्थानीय ५५ वर्षीय नारायण यादवको शनिबार हत्या गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रकाश सापकोटाका अनुसार बटुवाले देखेपछि घटनाबारे प्रहरीलाई खबर गरेका थिए । गम्भीर घाइते यादवलाई प्रहरीले उपचारका लागि प्रादेशिक अस्पताल भर्ना गरेको थियो ।

उनको उपचारका क्रममा मृत्यु भएको भकी प्रहरीले जनाएको छ । यादवको हत्याबारे केही खुल्न नसकेको र यस विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# वीरगञ्ज नाकाबाट आयात-निर्यात घट्यो

पर्सा, ११ कात्तिक (रासस) ।

वीरगञ्ज नाकाबाट चालु आर्थिक वर्षको तीन महिनामा आयात र निर्यात दुवै घटेको पाइएको छ ।

चालु आवको तीन महिनामा रु एक खर्ब ४३ अर्ब ९१ करोड ६६ लाख पाँच हजार बराबरका मालसामान आयात भएका छन् । गत आवको सोही अवधिमा भएको आयातमा छ दशमलव ४३ प्रतिशतले कमी भएको भन्सार कार्यालयले जनाएको छ । गत आवको सोही अवधिमा रु एक खर्ब ५३ अर्ब ८० करोड ६३ लाख २१ हजार बराबरका सामान आयात भएका थिए ।

प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार चालु आवको तीन महिनामा वर्षाका कारण आयातमा केही कमी आएको हो । तीन महिनामा समग्रमा राजस्व सङ्कलन भने बढेको छ ।

चालु आवको तीन महिनामा वीरगञ्जबाट रु सात अर्ब ७६ करोड ३० लाख ५२ हजार मूल्य बराबरका उत्पादन विदेश निर्यात भएका छन् । गत आवको सोही अवधिमा रु आठ अर्ब ४६ करोड ७४ लाख ३४ हजार मूल्य बराबरका सामान निर्यात भएका थिए ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*